आकाशवाणी

समाचार पारसमणि दंगालबाट सुन्नुहोस्

03 December 2024

मुख्य समाचार

- प्रधानमन्त्रीले नयाँ आपाराधिक कानूनहरू राष्ट्रलाई गर्नुभयो समर्पित
- संसदमा अवरोध अन्त्य भएपछि दुवै सदनको कामकाज सामान्य
- सीमा क्षेत्रमा शान्ति र स्थायित्व कायम गर्नु पहिलो सर्त भएको विदेशमन्त्रीले बताउनु भयो
- सरकारले न्यूनतम समर्थन मूल्य तीन गुणाले बढाएको कृषिमन्त्रीले बताउनुभयो
- वैश्विक निर्यात परिदृश्यमा ठूलो फड्को मार्दै विश्वका शीर्ष दस आपूर्तिकर्ताहरूमा भारत सामेल, अनि
- जुनियर एसिया कप हकीको सेमिफाइनलमा भारत र मलेसिया भिड्दै

प्रधानमन्त्री आपाराधिक कानून

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज चण्डीगढमा नयाँ आपाराधिक कानूनहरू राष्ट्रलाई समर्पित गर्नुभयो। यस अवसरमा केन्द्रीय गृह एवम् सहकारिता मन्त्री श्री अमित शाह पनि उपस्थित हुनुहुन्थ्यो।

प्रधानमन्त्रीले नयाँ आपाराधिक कानूनको कार्यान्वयन हाम्रो संविधानमा परिकल्पना गरिएका आदर्शहरू पूरा गर्ने दिशामा ठोस कदम भएको बताउनुभयो । प्रधानमन्त्रीले भन्नुभयो, यी नयाँ कानुनले भारतलाई औपनिवेशिक मानसिकताबाट मुक्त गर्नेछ। श्री मोदीले पञ्जाब र हरियाणा उच्च न्यायालयका वकिलहरू र चण्डीगढ़ बार काउन्सिलका सदस्यहरूलाई चण्डीगढमा नयाँ आपाराधिक कानूनको सफल कार्यान्वयनको लागि धन्यवाद र बधाई पनि दिनुभयो।

यस अवसरमा केन्द्रीय गृहमन्त्री श्री अमित शाहले तीन वर्षभित्रमा देशभरि तीनवटै नयाँ आपराधिक कानून लागू हुने जनाउनुभयो ।

संसद कार्यवाही

सरकार र प्रतिपक्षी दलहरूबीच पाँच दिनसम्म चलेको अवरोध अन्त्य भएपछि आज संसदका दुवै सदनको कामकाज सामान्य एवम् सुचारु रुपमा सञ्चालित भए । लोकसभा र राज्यसभामा प्रश्नकाल र शून्यकालका समयमा सार्वजनिक महत्वका मुद्दाहरू उठाइयो।

बिहान लोकसभामा सदनको कार्यवाही सुरु हुँदा, विपक्षी दलहरूले उत्तर प्रदेशको सम्भल जिल्लामा भएको हिंसा र एक प्रतिष्ठित व्यापारिक समूह विरुद्ध घुसखोरीका मुद्दाहरू सहित विभिन्न मुद्दाहरूको विरोधमा छोटो वाकआउट गरेका थिए।

राज्यसभामा पनि समाजवादी पार्टी र तृणमूल कंग्रेसका सदस्यहरूले यी मुद्दाको विरोधमा राज्यसभाबाट छोटो वाकआउट गरेका थिए।

लोकसभा-जयशंकर

सीमा क्षेत्रमा शान्ति र स्थायित्व कायम गर्नु भारत र चीनबीचको सम्बन्ध सुमधुर बनाउन पहिलो सर्त भएको विदेशमन्त्री डा. एस. जयशंकरले बताउनु भएको छ। उहाँले आगामी दिनमा सीमा क्षेत्रमा तनाउ कम गर्ने र गतिविधिको प्रभावकारी व्यवस्थापनका लागि दुवै देशबीच छलफल हुने बताउनु भयो। भारतको चीनसँगको सम्बन्धमा पछिल्लो समय भएको प्रगतिबारे आज लोकसभामा वक्तव्य दिँदै विदेशमन्त्रीले कूटनीतिक सम्बन्धलाई निरन्तरता दिने पछिल्लो घटनाक्रमले भारत र चीनबीचको सम्बन्धमा केही सुधार आएको बताउनु भयो ।

अप्रेल-मई २०२० मा पूर्वी लद्दाखमा भारतीय र चिनियाँ सेनाबीच भएको आमनेसामनेको स्थितिमाथि बोल्दै डा. जयशंकरले भन्नुभयो, भारत-चीन सम्बन्ध २०२० देखि असामान्य छ। पूर्वी लद्दाखको वास्तविक नियन्त्रण रेखामा चीनले ठूलो संख्यामा सेना तैनाथ गरेपछि दुई सेनाबीच धेरै ठाउँमा झडप भएका छन्। यस अवस्थाका कारण गस्ती कार्य पनि अवरुद्ध भएको उहाँले बताउनु भयो। सशस्त्र बलको भूमिकाको प्रशंसा गर्दै विदेशमन्त्रीले तार्किक चुनौती र कोविड परिस्थितिका बीच पनि भारतले द्रुत र प्रभावकारी रूपमा जवाफ दिन सक्षम भएको बताउनु भयो।

डा जयशंकरले सन् १९६२ को द्वन्द्वका कारण चीनले अक्साई चीनको ३८ हजार वर्ग किलोमिटर भारतीय भूभाग अवैध रूपमा कब्जा गरेको बताउनु भयो । उहाँले सन् १९६३ मा पाकिस्तानले अवैध रूपमा भारतको पाँच हजार १८० वर्ग किलोमिटर भूभाग चीनलाई हस्तान्तरण गरेको बताउनु भयो । यो क्षेत्र सन् १९४८ देखि पाकिस्तानको नियन्त्रणमा थियो। डा. जयशंकरले भारत र चीनबीच सीमा समस्या समाधानका लागि दशकौंदेखि वार्ता हुँदै आएको बताउनु भयो।

उहाँले दोहोऱ्याउँदै भन्नुभयो, भारत सीमा समाधानका लागि निष्पक्ष, व्यावहारिक र पारस्परिक रूपमा स्वीकार्य नतिजामा पुग्न द्विपक्षीय छलफलको माध्यमबाट चीनसँग संलग्न हुन प्रतिबद्ध छ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

राष्ट्रपति पुरस्कार

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा अन्तर्राष्ट्रिय दिव्याङ्ग दिवसको अवसरमा ३३ प्रतिशत दिव्याङ्गता भएका अनुकरणीय व्यक्ति र संस्थानहरूको सशक्तिकरणका लागि राष्ट्रिय पुरस्कार प्रदान गर्नुभयो।

राष्ट्रपति श्रीमती मुर्मुले आफ्नो सम्बोधनमा यी पुरस्कार बिजेताहरु समाजका लागि आदर्श हुन् भन्नुभयो । उनीहरूलाई अनुसरण गरेर अन्य व्यक्ति तथा संस्थाले दिव्याङ्ग व्यक्तिहरूको सशक्तीकरणको दिशामा अघि बढ्न सक्ने उहाँले बताउनु भयो । राष्ट्रपतिले दिव्याङ्गता भएका व्यक्तिमा उद्यमशीलता विकास, कौशल विकास, रोजगारी उपलब्धता, उत्पादन खरिदलाई प्राथमिकता दिन र बजार सुविधा उपलब्ध गराउँदा उनीहरूको नेतृत्व क्षमता अभिवृद्धि हुने बताउनुभयो।

## ISRO-PSLV C59 प्रक्षेपण

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन-ISRO ले PSLV-C59-Proba-3 लाई भोलि दिउँसो 4 बजेर 08 मिनेटमा आन्ध्र प्रदेशको श्रीहरिकोटाको सतीश धवन अन्तरिक्ष केन्द्रबाट प्रक्षेपण गर्नेछ। PSLV-C59 ले युरोपेली अन्तरिक्ष एजेन्सीको Proba-3 उपग्रहहरूलाई अत्याधिक दीर्घवृत्ताकार कक्षमा राख्नेछ। इसरोको व्यावसायिक शाखा न्यू स्पेस इन्डिया लिमिटेडले युरोपेली अन्तरिक्ष एजेन्सीबाट यो अर्डर प्राप्त गरेको हो।

## लोकसभा न्यूनतम समर्थन मूल्य

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री श्री शिवराज सिंह चौहानले केन्द्रले न्यूनतम समर्थन मूल्य झण्डै तीन गुणाले बढाएको बताउनु भएको छ। आज लोकसभामा एक पूरक प्रश्नको उत्तरमा श्री चौहानले भन्नुभयो, एनडीए सरकारले लागतमा 50 प्रतिशत लाभ थपेर न्यूनतम समर्थन मूल्य निर्धारण गरेको छ। यूपीए सरकारको पालामा चामलको न्यूनतम समर्थन मूल्य १ हजार ३१० रुपियाँ प्रति क्विन्टल थियो, जसलाई बढाएर २ हजार ३ सय रुपियाँमा पुऱ्याइएको उहाँले बताउनु भयो । ज्वारको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल १ हजार ५०० रुपियाँ बाट बढाएर तीन हजार ३७१ रुपियाँ प्रतिक्विन्टल, बाजराको मूल्य १ हजार २५० बाट बढाएर २ हजार ६२५ रुपियाँ र रागीको मूल्य प्रतिक्विन्टल १ हजार ५ सय रुपियाँबाट बढाएर ४ हजार २६९ रुपियाँ गरिएको उहाँले जानकारी दिनुभयो ।

## अन्नपूर्ण देवी – महिला

महिला तथा बाल विकासमन्त्री श्रीमती अन्नपूर्णादेवीले महिलाको विकासका लागि सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ । सरकार महिला नेतृत्वको विकासतर्फ अघि बढेको उहाँले बताउनु भयो । नयाँदिल्लीमा

आयोजित वार्ताकार सम्मेलनलाई सम्बोधन गर्दै उहाँले महिलालाई हरेक क्षेत्रमा नेतृत्वको अवसर प्रदान गरी महिला केन्द्रित विकास गर्ने प्रधानमन्त्रीको दृष्टिकोण रहेको बताउनु भयो ।

भारत वैश्विक निर्यात

भारतले आफ्नो वैश्विक निर्यात परिदृश्यमा ठूलो फड्को मारेको छ र विश्वका शीर्ष दस आपूर्तिकर्ताहरूमा आफ्नो स्थान सुनिश्चित गरेको छ। सन् २०२३ मा भारतका सबै क्षेत्रको निर्यात मूल्यले एक अरब डलर नाघेको छ । सरकारको ठोस पहलकदमीका कारण भारतले आफ्नो निर्यात आधारलाई मात्रै विस्तार गरेको छैन, भरपर्दो वैश्विक आपूर्तिकर्ताको रूपमा आफ्नो प्रतिष्ठालाई सुदृढ गर्दै आएको वाणिज्य तथा उद्योग मन्त्रालयले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ । देशले पेट्रोलियम तेल, कृषि रसायन, सेमिकन्डक्टर, बहुमूल्य पत्थर लगायतका विभिन्न क्षेत्रमा उल्लेखनीय वृद्धि गरेको छ ।

eFootball

भारतका पवन काम्पेलीले थाइल्याण्डको ब्याङ्ककमा भएको २०२४ एसियाली खेलकुद प्रतियोगितामा इ-फुटबल प्रतियोगितामा कास्य पदक जितेका छन्। एसियाली खेलकुदमा भारतको यो पहिलो पदक हो।

हकी - जुनियर एशिया कप

ओमानको मस्कटमा भइरहेको पुरुष हकी जुनियर एसिया कपको सेमिफाइनलमा, अहिले साँढे आठ बजी वर्तमान च्याम्पियन भारतले मलेसियासँग खेल्नेछ। दोस्रो सेमिफाइनल पाकिस्तान र जापानबीच हुनेछ । प्रतियोगिताको फाइनल खेल भोलि हुनेछ ।

मुख्य समाचार फेरि एकपल्ट

- प्रधानमन्त्रीले नयाँ आपाराधिक कानूनहरू राष्ट्रलाई गर्नुभयो समर्पित
- संसदमा अवरोध अन्त्य भएपछि दुवै सदनको कामकाज सामान्य
- सीमा क्षेत्रमा शान्ति र स्थायित्व कायम गर्नु पहिलो सर्त भएको विदेशमन्त्रीले बताउनु भयो
- सरकारले न्यूनतम समर्थन मूल्य तीन गुणाले बढाएको कृषिमन्त्रीले बताउनुभयो
- वैश्विक निर्यात परिदृश्यमा ठूलो फड्को मार्दै विश्वका शीर्ष दस आपूर्तिकर्ताहरूमा भारत सामेल, अनि
- जुनियर एसिया कप हकीको सेमिफाइनलमा भारत र मलेसिया भिड्दै